गण्डकी प्रदेश सरकार

## कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

# कृषि विकास कार्यालय, कास्की

## अनुदान कार्यक्रमका लागि आवेदन प्रस्ताव पेश गर्ने सम्बन्धि सूचना

(सूचना प्रकाशितः मिति २०८२/१२/०६)

कृषि विकास कार्यालय, कास्की को **आ.व. २०८२/८३** को स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहायका कार्यक्रमहरु सञ्चालन गर्न उपलब्ध बजेटको परिधिभित्र रही इच्छुक कास्की जिल्लाका आवेदन दिन छुटेका विभिन्न कृषकहरु, कृषि फर्म, कृषि कम्पनी, कृषक समूह तथा कृषि सहकारी संस्थाहरुले सूचना प्रकाशन भएको **मितिले ७ दिन** (२०८२/१२/१२) भित्र तोकिएको ढाँचामा कार्यक्रम प्रस्ताव सहित तपसिल बमोजिमका आवश्यक विवरण/कागजातहरु समेत संलग्न गरी यस कार्यालयमा निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

| क्र.स. | कार्यक्रमको नाम | लक्ष्य | बजेट (रु.हजारमा) | अनुदान प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| १ | फलफूल नर्सरी स्थापना तथा संचालन | १ (संख्या) | ५०० | ५०% | कृषि फर्म/कृषि कम्पनी/कृषक समूह/कृषि सहकारीले **फलफूल, तरकारी तथा नगदेबाली बिरुवा नर्सरी/स्रोत केन्द्र स्थापना सम्बन्धी कार्यक्रम संचालन मापदण्ड, २०८२** अनुरुप फलफूल बिरुवाको नर्सरी स्थापना र संचालनका कार्यहरु गर्न गरी आवेदन दिन सक्ने। |
| २ | फलफूल बगैचा स्थापना तथा विस्तार कार्यक्रम | २.६ (हेक्टर) | ५५० | बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०८१ मा उल्लेख भए अनुरुप | कृषक/कृषि फर्म/कृषि कम्पनी/कृषक समूह/कृषि सहकारीले **फलफूल विकास कार्यक्रम संचालन मापदण्ड, २०८२** अनुरुप फलफूल बगैचा स्थापना तथा थप क्षेत्र विस्तारका कार्यहरु गर्न गरी आवेदन दिन सक्ने। |
| ३ | फलफूल बगैचा व्यव्स्थापन तथा सुदृढिकरण कार्यक्रम | २.४ (हेक्टर) | ४०० | | कृषक/कृषि फर्म/कृषि कम्पनी/कृषक समूह/कृषि सहकारीले **फलफूल विकास कार्यक्रम संचालन मापदण्ड, २०८२** अनुरुप फलफूल बगैचा व्यवस्थापन तथा सुदृढिकरणका कार्यहरु गर्न गरी आवेदन दिन सक्ने। |
| ४ | सुन्तलाजात फलफूल बगैचा स्थापना तथा विस्तार कार्यक्रम | १ (हेक्टर) | २५० | | कृषक/कृषि फर्म/कृषि कम्पनी/कृषक समूह/कृषि सहकारीले **फलफूल विकास कार्यक्रम संचालन मापदण्ड, २०८२** अनुरुप सुन्तलाजात फलफूल बगैचा स्थापना तथा थप क्षेत्र विस्तारका कार्यहरु गर्न गरी आवेदन दिन सक्ने। |
| ५ | सुन्तलाजात फलफूल बगैचा सुदृढिकरण कार्यक्रम | २ (हेक्टर) | ६५० | | कृषक/कृषि फर्म/कृषि कम्पनी/कृषक समूह/कृषि सहकारीले **फलफूल विकास कार्यक्रम संचालन मापदण्ड, २०८२** अनुरुप सुन्तलाजात फलफूल बगैचा व्यवस्थापन तथा सुदृढिकरणका कार्यहरु गर्न गरी आवेदन दिन सक्ने। |
| ६ | तरकारी बीउ उत्पादनका आधारमा प्रोत्साहन सहयोग कार्यक्रम | २०००० (के जी) | २०० | प्रति के जी बीउ उत्पादन रु.१०/- | कृषक/कृषि फर्म/कृषि कम्पनी/कृषक समूह/कृषि सहकारीले आधिकारीक रुपमा **बीउबिजन प्रमाणीकरण निर्देशिका, २०७२** अनुरुप बीउ उत्पादन भएको तरकारी बीउको उत्पादनका आधारमा प्रोत्साहन माग गर्ने गरी आवेदन दिन सक्ने। |

**आवश्यक कागजात**

- कार्यक्रम सहभागिताका लागि निवेदन र स्पष्टरुपले भरिएको प्रस्तावाना फारम।
- सम्बन्धित कृषि फर्म/कृषक समूह/कृषि सहकारीलाई उपयुक्त हुने कार्यक्रमको नाम उल्लेख गरी स्पष्ट रुपमा लेखिएको वडा कार्यालयको सिफारिस पत्र वा सम्बन्धित स्थानीय तहको कृषि शाखाको सिफारिस पत्र।
- समूह/संस्था/समिति वा सहकारीको हकमा दर्ता प्रमाणपत्र तथा संचालन गर्न चाहेको कार्यक्रम उल्लेख गरी निर्णयको प्रतिलिपि।
- संस्थाको दर्ता प्रमाणपत्र र नविकरण प्रमाणपत्रको प्रतिलिपि, अघिल्लो आ व को करचुक्ता प्रमाणपत्र।
- नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि साथै जग्गाधनीको लालपुर्जाको प्रतिलिपि वा भाडाको जग्गा भए करारनामा सम्झौता प्रतिलिपि।
- तरकारी बीउ उत्पादनका आधारमा प्रोत्साहन सहयोग कार्यक्रमको हकमा उत्पादन भएको तरकारी बीउको ल्याब रिपोर्ट (लट र परिमाण खुलेको)
- आवेदनका लागि आवश्यक कागजात र फारमहरु SCANNED DOCUMENTS सहित कृषि विकास कार्यालय, कास्की को आधिकारिक इमेल adokaski@gmail.com मा पनि पठाउन सकिने छ ।

**पुनश्चः उल्लेखित मिति भित्र आवश्यक कागजात र प्रक्रिया नपुगेका आवेदकहरु उपर कुनै प्रक्रिया अघि बढाइने छैन। कार्यक्रमको म्याद थप हुने भएमा पुनः सूचना गरिने छ।**


**Website**: www.kaski.ado.gov.np

**इमेल** : adokaski@gmail.com

**सम्पर्क नम्बर** : ०६१-४६१२५०, ०६३-४२५१९९, ९८५६०२८४४४(कार्यालय प्रमुख)

९८५६००५६१८(गुनासो सुन्ने अधिकारी), ९८५७६२१३४१(सूचना अधिकरी)

सुदिप खतिवडा

वरिष्ठ कृषि विकास अधिकृत (अधिकृतस्तर दशौ तह)